प.स. २०८१/०८२
च.नं. ८२

मिति:२०८१।१२।१५

लि. नं. २०९८०८/०७५/०७६

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर काठमाडौं ।

**विषयः संचालक परिर्वतन भएको जानकारी बारे ।**

उपरोक्त सम्बन्धमा यस कम्पनीको १९ औं संचालक समितिको बैठकबाट संचालक श्री हर्ष वर्धन संघईले दिएको राजिनामा स्वीकृत भएको र सोही संचालक समितिको बैठकले रिक्त स्थानमा श्री अमुल अग्रवाल लाई संचालक नियुक्त गरिएको व्यहोरा जानकारी गराउँदछु ।

**संलग्न कागजातहरु (प्रतिलिपी):**
१. संचालक समितिको निर्णय,

भवदीय,

..........................................
विरेन्द्र कुमार संघई
संचालक, अध्यक्ष

**बोधार्थ**
१) श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।
२) श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
३) श्री नेपाल स्टक एक्सचेन्ज, सिंहदरबार प्लाजा, काठमाडौं ।

# बैठक नं. १९
## ग्रीन भेन्चर्स लिमिटेडको
## संचालक समितिको
## बैठक

यस कम्पनीको संचालक समितिको बैठक संचालक अध्यक्ष श्री विरेन्द्र कुमार संघई ज्यूको अध्यक्षतामा निम्न कार्यक्रमका साथ बसी निम्न विषयहरुमा छलफल भई निम्न लिखित निर्णय पारित गरियो ।

**कार्यक्रम:**
स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, पुतलीसडक, काठमाडौं ।
मिति: २०८१ साल चैत १४ गते, बिहिबार (तदनुसार २७ मार्च, २०२५) ।
समय: बिहान ११:०० बजे ।

**उपस्थिति :**

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री विरेन्द्र कुमार संघई | संचालक, अध्यक्ष | |
| श्री हर्ष वर्धन संघई (त्रिवेणी इनर्जी प्रा.लि.को तर्फबाट प्रतिनिधि) | संचालक (संस्थापक शेयरधनी तर्फ) | |
| श्री आशिष कुमार अग्रवाल | संचालक (संस्थापक शेयरधनी तर्फ) | |
| श्री कमलेश कुमार अग्रवाल | स्वतन्त्र संचालक | |
| श्री भुपेन महर्जन (सेल्ट्रोन नेपाल प्रा.लि.को तर्फबाट प्रतिनिधि) | संचालक (सर्वसाधारण शेयरधनी तर्फ) | |
| श्री विष्णु प्रसाद न्यौपाने | कम्पनी सचिव | |

**छलफलका विषयहरु :**

१. संचालकको राजीनामा स्वीकृत गर्ने तथा रिक्त स्थानमा संचालक नियुक्त गर्ने सम्बन्धमा ।
२. कम्पनीका सम्पूर्ण बैंक खाताहरु संचालनका लागि हस्ताक्षरकर्ता हेरफेर सम्बन्धमा ।
३. लिखु–४ जलविद्युत आयोजनाको समन्वय समितिमा प्रतिनिधित्व गर्ने प्रतिनिधि तोक्ने सम्बन्धमा ।
४. विविध ।

GREEN VENTURES LIMITED

**बैठकको बैधानिकता तथा गणपूरक संख्या :**
बैठक संचालन गर्नका लागि आवश्यक गणपूरक संख्या समेत पूगी बैठक बैधानिक रहेको व्यहोरा समितिका अध्यक्षज्युले बैठकलाई अवगत गराउनू भई बैठकको लागि पूर्व घोषित विषय उपरको छलफल प्रारम्भ गरियो ।

**निर्णय नं. १ संचालकको राजीनामा स्वीकृत गर्ने तथा रिक्त स्थानमा संचालक नियुक्त गर्ने सम्बन्धमा ।**
प्रस्ताव नं. १ उपर छलफल गरि निर्णय हुँदा यस कम्पनीको मिति २०८०।०३।२९ मा बसेको पब्लिक लिमिटेड कम्पनीमा परिणत भइसकेपछिको चौथौं वार्षिक साधारण सभाबाट ४ वर्षको लागि संस्थापक शेयरधनी तर्फको शेयरधनी त्रिवेणी इनर्जी प्रा.लि. को तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पदमा निर्वाचित श्री हर्ष वर्धन संघईले आफ्नो विभिन्न व्यवसायिक तथा व्यक्तीगत कार्य व्यस्तताले गर्दा यस कम्पनीको संचालकको पदमा रही कार्य गर्न समय दिन नसक्ने भएकोले संचालकको पदबाट मिति २०८१।१२।०५ गते राजिनामा पेश गर्नु भएको पत्र सहित अध्यक्षज्यूले बैठक समक्ष जानकारी गराउनु भयो । यस सम्बन्धमा छलफल गर्दा संचालक श्री हर्ष वर्धन संघईको राजीनामा स्वीकृत गर्ने निर्णय गरियो ।

कम्पनी ऐन, २०६३ को दफा ८७ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश (२) मा वार्षिक साधारण सभा द्वारा नियुक्त गरिएको संचालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा संचालक समितिले अर्को संचालक नियुक्त गर्नेछ भन्ने व्यवस्था भएको र दफा ९० को उपदफा (२) प्रतिबन्धात्मक वाक्यांश (२) मा यसरी नियुक्त भएको संचालक वार्षिक साधारण सभा नभएसम्म मात्र आफनो पदमा वहाल रहनेछ भन्ने व्यवस्था भएको र दफा ९० को उपदफा (२) प्रतिबन्धात्मक वाक्यांश (३) मा कुनै संचालकको कार्यकाल पुरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको संचालकको कार्यकाल जुन संचालकको पद रिक्त भई नियुक्त भएको हो सो संचालकको बाँकी कार्यकाल सम्मको लागि हुनेछ भन्ने समेत व्यवस्था भएको र कम्पनीको नियमावलीको नियम २७ (४) मा सोही प्रकृतिको व्यवस्था भएको पाइन्छ । आजको संचालक समितिको बैठकले कम्पनीको चौथौं वार्षिक साधारण सभाबाट नियुक्त कम्पनीका शेयरधनी त्रिवेणी इनर्जी प्रा.लि. को तर्फबाट प्रतिनिधित्व गर्ने संचालक श्री हर्ष वर्धन संघईको राजिनामा स्वीकृत भएको र उक्त संचालक पद रिक्त भएकाले रिक्त पदमा यस कम्पनीका शेयरधनी त्रिवेणी इनर्जी प्रा.लि.को तर्फबाट प्रतिनिधि श्री अमुल अग्रवाल लाई नियुक्त गर्नको लागि त्रिवेणी इनर्जी प्रा.लि. बाट निर्णय सहितको जानकारी प्राप्त भएकोले कम्पनीको आगामी वार्षिक साधारण सभाबाट अनुमोदन गराउने गरि त्रिवेणी इनर्जी प्रा.लि.को प्रतिनिधि श्री अमुल अग्रवाल लाई संचालक नियुक्त गर्ने निर्णय गरियो । साथै कम्पनी ऐनको उल्लेखित व्यवस्था बमोजिम राजीनामा स्वीकृत भएका संचालक श्री हर्ष वर्धन संघईको जम्मा कार्यकाल मिति २०८४।०३।२८ सम्म रहेकोमा निजको स्थानमा नियुक्त श्री अमुल अग्रवालको संचालकको बाँकी पदावधि समेत मिति २०८४।०३।२८ सम्म कायम रहने गरी आगामी वार्षिक साधारण सभाबाट संचालक नियुक्तीको अनुमोदन गराउने समेत निर्णय गरियो । साथै उल्लेखित बमोजिम श्री हर्ष वर्धन संघईको राजिनामा स्वीकृत भएको र रिक्त संचालक पदमा श्री अमुल अग्रवाल नियुक्त हुनुभएकाले देहाय बमोजिमका संचालकहरुलाई संचालक समितिमा कायम गर्ने निर्णय गरियो ।

| संचालकको नाम | संचालकले प्रतिनिधित्व गर्ने समूह | नियुक्ती मिति |
|---|---|---|
| श्री विरेन्द्र कुमार संघई | संचालक, अध्यक्ष | मिति २०८०।३।२९ मा बसेको चौथो वार्षिक साधारण सभाबाट |
| श्री अमुल अग्रवाल (त्रिवेणी इनर्जी प्रा.लि.को तर्फबाट प्रतिनिधि) | संचालक (संस्थापक शेयरधनी तर्फ) | मिति २०८१।१२।१४ मा बसेको संचालक समितिको १९ औं बैठकबाट |
| श्री आशिष कुमार अग्रवाल | संचालक (संस्थापक शेयरधनी तर्फ) | मिति २०८०।३।२९ मा बसेको चौथो वार्षिक साधारण सभाबाट |
| श्री कमलेश कुमार अग्रवाल | स्वतन्त्र संचालक | मिति २०८०।३।२९ मा बसेको चौथो वार्षिक साधारण सभाबाट |
| श्री भुपेन महर्जन (सेल्ट्रोन नेपाल प्रा.लि.को तर्फबाट प्रतिनिधि) | संचालक (सर्वसाधारण शेयरधनी तर्फ) | मिति २०८०।१०।०५ मा बसेको पाचौं वार्षिक साधारण सभाबाट |

उल्लेखित बमोजिम संचालकको लगत बनाई अभिलेख गरि राख्ने र संचालक समितिमा भएको हेरफेर को जानकारी श्री कम्पनी रजिष्टारको कार्यालय लगायत अन्य विभिन्न नियमनकारी निकायहरुलाई गराउन समेत निर्णय गरियो ।

**निर्णय नं. २ कम्पनीका सम्पूर्ण बैंक खाताहरु संचालनका लागि हस्ताक्षरकर्ता हेरफेर सम्वन्धमा ।**

प्रस्ताव नं. २ उपर छलफल गरि निर्णय हुँदा यस कम्पनीको बैकिङ्ग कारोबार सहज रुपमा संचालन गर्नको निम्ति उल्लेखित बैंक खाताहरुमा हाल कायम रहेका हस्ताक्षरकर्ताहरुलाई हटाई निम्न बमोजिमका खाता संचालकहरुको हस्ताक्षरबाट खाता संचालन गर्ने निर्णय गरियो ।

| क्र.स. | बैंकको नाम तथा शाखा | खाता नं | खाता संचालकहरुको नाम | विशेष निर्देशन |
|---|---|---|---|---|
| १ | एभरेष्ट बैंक लि., नयाँ बानेश्वर | 00100105200970 | १.श्रीधर खनाल<br>२.आशिष अग्रवाल | श्रीधर खनाल र आशिष अग्रवाल गरि दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुने र चेकमा कम्पनीको छाप अनिवार्य हुनुपर्ने । |
| २ | ग्लोबल आइएमई बैंक लि., कमलादी | 07501010001179 | १.श्रीधर खनाल<br>२.आशिष अग्रवाल | श्रीधर खनाल र आशिष अग्रवाल गरि दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुने र चेकमा कम्पनीको छाप अनिवार्य हुनुपर्ने । |

GREEN VENTURES LIMITED

| | | | | |
|---|---|---|---|---|
| | | | | खाता संचालन हुने र चेकमा कम्पनीको छाप अनिवार्य हुनुपर्ने । |
| ४ | लक्ष्मी सनराइज बैंक लि., हात्तिसार | 00511150430 | १.श्रीधर खनाल<br>२.आशिष अग्रवाल | श्रीधर खनाल र आशिष अग्रवाल गरि दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुने र चेकमा कम्पनीको छाप अनिवार्य हुनुपर्ने । |
| ५ | नबिल बैंक लि., तिनधारा | 1701017501239 | १.श्रीधर खनाल<br>२.आशिष अग्रवाल | श्रीधर खनाल र आशिष अग्रवाल गरि दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुने र चेकमा कम्पनीको छाप अनिवार्य हुनुपर्ने । |
| ६ | नेपाल एसबिआई बैंक लि., न्युरोड | 17825240200644 | १.श्रीधर खनाल<br>२.आशिष अग्रवाल | श्रीधर खनाल र आशिष अग्रवाल गरि दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुने र चेकमा कम्पनीको छाप अनिवार्य हुनुपर्ने । |
| ७ | एन आई सी एशिया बैंक लि., कमलादी | 3241157800524002 | १.श्रीधर खनाल<br>२.आशिष अग्रवाल | श्रीधर खनाल र आशिष अग्रवाल गरि दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुने र चेकमा कम्पनीको छाप अनिवार्य हुनुपर्ने । |
| ८ | प्रभु बैंक लि., कमलादी | 1110097991300013 | १.श्रीधर खनाल<br>२.आशिष अग्रवाल | श्रीधर खनाल र आशिष अग्रवाल गरि दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुने र चेकमा कम्पनीको छाप अनिवार्य हुनुपर्ने । |
| ९ | सानिमा बैंक लि., नक्साल | 001010010000768 | १.श्रीधर खनाल<br>२.आशिष अग्रवाल | श्रीधर खनाल र आशिष अग्रवाल गरि दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुने र चेकमा कम्पनीको छाप अनिवार्य हुनुपर्ने । |
| १० | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि., धोबी | ०७००१०४०२५१३२७ | १.श्रीधर खनाल<br>२.आशिष अग्रवाल<br>३.सन्जीत विडाराहल्ली गोपाला राजु<br>४.भानु प्रताप सिंह<br>५.प्रशाद रेग्मी | सन्जीत विडाराहल्ली गोपाला राजु, भानु प्रताप सिंह र प्रशाद रेग्मी मध्ये कुनै दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुने वा श्रीधर खनाल र आशिष अग्रवाल गरि दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुने र चेकमा कम्पनीको छाप अनिवार्य हुनुपर्ने । |
| ११ | लक्ष्मी सनराइज बैंक, लि., मन्थली | ०७११००००५०१ | १.श्रीधर खनाल<br>२.आशिष अग्रवाल<br>३.सन्जीत विडाराहल्ली गोपाला राजु<br>४.भानु प्रताप सिंह | सन्जीत विडाराहल्ली गोपाला राजु, भानु प्रताप सिंह र प्रशाद रेग्मी मध्ये कुनै दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुने वा श्रीधर खनाल र आशिष अग्रवाल गरि दुई |



GREEN VENTURES LIMITED

| | | | | |
|---|---|---|---|---|
| | | | ५.प्रशाद रेग्मी | जनाको हस्ताक्षरबाट खाता संचालन हुने र चेकमा कम्पनीको छाप अनिवार्य हुनुपर्ने । |

यस कम्पनीको संचालक समितिको मिति २०८०।०८।१७ र मिति २०८१।०५।०४ गते को बैठक नं. ३ र ११ को निर्णय बमोजिम नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि., धोबी शाखा र लक्ष्मी सन्राइज बैंक, लि. मन्थली शाखाको बैंक खाताको हस्ताक्षरकर्ता परिवर्तनको सम्बन्धमा निर्णय भएको भएता पनि उक्त निर्णय विविध कारणवश हालसम्म कार्यान्वयन नभएकोले उक्त मिति २०८०।०८।१७ तथा मिति २०८१।०५।०४ गते को हस्ताक्षरकर्ता परिवर्तन सम्बन्धमा भएको निर्णय रद्द गरि आजको बैठकले गरेको निर्णय अनुसारको बैक खाताको हस्ताक्षरकर्ता परिवर्तनको निर्णय कार्यान्वयन गर्ने समेत निर्णय गरियो ।

साथै प्रस्तुत निर्णयका सम्बन्धमा उक्त बैंकमा निवेदन दिने, आवश्यक कागजातमा कम्पनीको तर्फबाट हस्ताक्षर गर्ने लगायतका आवश्यक कार्य गर्नको लागि यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री विरेन्द्र कुमार संघईज्यूलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ लिखु–४ जलविद्युत आयोजनाको समन्वय समितिमा प्रतिनिधित्व गर्न प्रतिनिधि तोक्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ३ उपर छलफल गरि निर्णय हुँदा यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०६७।१०।१९ (मिति:२०७८।०७।२१ को तेश्रो सशोधन समेत) मा भएको लिखु–४ जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत खरिद विक्री सम्बन्धी सम्झौताको दफा १४ मा आयोजनाबाट उत्पादन हुने विद्युत खरिद गर्ने सम्बन्धमा सम्झौता बमोजिम हुनुपर्ने कार्यहरुको समन्वय गर्न दुवै पक्षका दुई दई जना आ–आफनो पक्षबाट नियुक्त वा मनोनयन गरेका व्यक्ति प्रतिनिधिहरु रहेको एउटा समन्वय समिति गठन गरिनेछ भन्ने व्यवस्था भएकोले मिति २०८०।०८।१७ मा बसेको संचालक समितीको बैठक नं. ३ को निर्णय भए बमोजिम उक्त समन्वय समितिमा यस कम्पनीको तर्फबाट प्रतिनिधित्व गर्न यस कम्पनीका पूर्व संचालक अध्यक्ष श्री सुभाष चन्द्र संघई र परियोजना प्रमुख श्री श्रीधर खनाललाई मनोनयन गर्ने निर्णय गरिएकोमा उक्त समन्वय समितिमा यस कम्पनीको तर्फबाट प्रतिनिधित्व गर्न मनोनयन भएका प्रतिनिधिहरुमा हेरफेर गरि अब उप्रान्त यस कम्पनीका संचालक अध्यक्ष श्री विरेन्द्र कुमार संघई र प्रमुख कार्यकारी अधिकृत श्री श्रीधर खनाललाई मनोनयन गर्ने निर्णय गरियो । साथै समन्वय समितिको प्रतिनिधित्व गर्न मनोनयन भएको निर्णयको जानकारी नेपाल विद्युत प्राधिकरण र अन्य सम्बन्धीत निकायहरुमा जानकारी गराउन संचालक अध्यक्ष श्री विरेन्द्र कुमार संघईलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ४ विविध ।**

अन्य थप छलफलको विषय नहुँदा अध्यक्षज्युबाट सधन्यवाद बैठक समापन भएको घोषणा गरियो ।

GREEN VENTURES LIMITED